Student/Registration Number | | | | | | | | | | | Centre Number | | | | | | |

**2023** PUBLIC EXAMINATION

# Nepali

## Continuers Level

**Wednesday 18 October: 2 pm Australian Eastern Daylight Time**

Reading Time: 10 minutes
Writing Time: 2 hours and 30 minutes

- *You have 10 minutes to read all the papers and to familiarise yourself with the requirements of the questions. You MUST NOT write during this time.*
- *Monolingual and/or bilingual printed dictionaries may be consulted during the reading time and also during the examination.*

## Section 1: Listening and Responding (30 marks)

**Instructions to Students**

1. Allow approximately 40 minutes for Section 1.
2. Write all your answers to the questions in Section 1 in this booklet using black or blue pen. Space is provided for you to make notes.
3. You must answer ALL questions in Part A and Part B.
4. Answer Part A in ENGLISH and Part B in NEPALI.
5. Write your student/registration number and the centre number (if required) on the front cover of this booklet.
6. All question booklets will be collected at the end of the examination.

*© SACE Board of South Australia 2023*

**Part A** (Questions 1 to 3)
(15 marks)

*Your response will be assessed on how well you:*

- *understand general and specific aspects of texts by identifying and analysing information and convey the information accurately and appropriately.*

You will hear THREE texts. Each text will be played twice. There will be a short break between the first and second playings of each text. You may make notes at any time.

Listen carefully to each text and then answer the questions in ENGLISH.

**Marks**

You may make notes in this space. These notes will NOT be assessed.

**Text 1**

1. (a) Where would you hear this announcement? Support your answer with evidence from the text. **2**

(b) Why is the speaker apologising? Support your answer with evidence from the text. **3**

**Marks**

You may make notes in this space. These notes will NOT be assessed.

**Text 2**

2. (a) What is the text type? Support your answer with evidence from the text. **2**

(b) How effectively does the speaker convey the message of unity and diversity? Justify your answer with *four* examples from the text. **4**



PLEASE TURN OVER

**Marks**

You may make notes in this space. These notes will NOT be assessed.

**Text 3**

3. Identify *four* ways that the speaker uses language to persuade the audience of the importance of the topic discussed. **4**

**Part B** (Questions 4 to 6)
(15 marks)

---

*Your response will be assessed on how well you:*

- *understand general and specific aspects of texts by identifying and analysing information and convey the information accurately and appropriately.*

---

You will hear THREE texts. Each text will be played twice. There will be a short break between the first and second playings of each text. You may make notes at any time.

Listen carefully to each text and then answer the questions in NEPALI.

**Marks**

You may make notes in this space. These notes will NOT be assessed.

**Text 4**

4. (a) Explain why Manita pitied herself. Support your answer with evidence from the text. **3**

मनितालाई आफूप्रति किन दया लाग्यो, व्याख्या गर्नुहोस् । पाठबाट साभार गरी आफ्नो उत्तरलाई प्रमाणित गर्नुहोस् ।

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

Marks

You may make notes in this space. These notes will NOT be assessed.

(b) How does Manita demonstrate that her cultural identity is important to her? Support your answer with evidence from the text. **3**

मनिताले आफ्नो सांस्कृतिक पहिचान महत्त्वपूर्ण छ भनेर कसरी प्रदर्शन गरिन ?
पाठबाट साभार गरी आफ्नो उत्तरलाई प्रमाणित गर्नुहोस्।

Marks

You may make notes in this space. These notes will NOT be assessed.

**Text 5**

5. (a) What does the term ‘Adikavi’ mean in the context of this text? **1**

पाठको सन्दर्भमा ‘आदिकवि’ भन्नाले के बुझ्नुहुन्छ ?

(b) Explain how the poet is inspired by the ‘Ghasi’ in the poem. **3**

कवितामा ‘घाँसी’ बाट कवि कसरी प्रभावित भए ? व्याख्या गर्नुहोस् ।

**Marks**

You may make notes in this space. These notes will NOT be assessed.

**Text 6**

6. (a) What conflicting feelings does the client have about the changes that have been made? **4**

परिवर्तन भएको विषयमा ग्राहकका कस्ता विरोधाभाषपूर्ण भावनाहरू छन् ?

(b) Why is the staff member surprised by the client's feelings about the change? **1**

परिवर्तन प्रति ग्राहकको भावना देखेर कर्मचारी किन छक्क परे ?

**End of Section 1**

**NEPALI (CONTINUERS) EXAMINATION 2023**

**Section 1: Listening and Responding**

## PART A

### *Text 1*

सबै यात्रीहरूमा अपराह्नको नमस्कार।

पञ्चकन्या माइक्रोबस सेवाको साथमा यात्रा तय गर्नु भएकोमा धन्यवाद। सेवामा मेकानिकल समस्या देखा परेको हुँदा र तुरुन्तै मर्मत गर्नु पर्ने भएकाले दमकदेखि काठमाणडौँ सम्मको ८:३० बजेको एक्सप्रेस सेवा बिहान ९:१५ बजेसम्म ढिला हुने भएको छ। साथै प्लेटफर्म A को साटो प्लेटफर्म D बाट प्रस्थान हुनेछ। असुविधाको लागि हामी क्षमाप्रार्थी छौँ।

यहाँहरूको दिन शुभ रहोस्।

***Text 2***

**नमस्ते , सेवारो , दर्शन, सेवा, फ्याफुल्ला, झोर्ले, लासो , जयमसी, छयान्झोला, जोजोलापा ।** यहाँहरू सबैलाई रेडियो कार्यक्रम "फूलबारी" मा हार्दिक स्वागत तथा अभिवादन । म रेडियो प्रस्तोता सुनिप । हामीले भर्खरै सबैलाई मन पर्ने, नेपालको ज्यादै चर्चित तथा गहन अर्थ बोकेको यो स्वदेश गान सुन्यौं ।

यो गीतले हामी सबैलाई गौरवान्वित तुल्याउँछ र समावेशिताको महत्वको सम्झना गराउँछ । मलाई मनपर्ने पंक्ति हो, "सय थरी बाजा एउटै ताल, सय थरी गोडा एउटै चाल, मेची काली सिङ्गै ढिक्को, साझा हाम्रो ज्यान नेपाल"

हजुर! यो गीतले भनेझैँ हाम्रो समाजमा रहेका सबै भाषा-भाषी, सांस्कृतिक पहिरन, बाजा-गाजा, चाल-चलन , रिती-थिती र धर्मको सम्मान गर्दै एक अर्का विच गहिरो सम्बन्ध राख्नु पर्छ ।

अब भने कार्यक्रम "फूलबारी" को समय सक्किनै लागेको छ । कार्यक्रम सुनेर साथ दिनु भएकोमा धन्यवाद । आगामी साता, अर्को विषय लिएर उपस्थित हुनेछौँ । ।

हवस् त नमस्ते , शुभ-बिहानी ।

***Text 3***

के तपाई  कुनै खेलकुदमा रूचि राख्नुहुन्छ ?   सबै उमेर समूहका मानिसहरूले खेलकुदमा सामेल हुन र भाग लिन महत्त्वपूर्ण छ।

खेलकुद मार्फत तपाईले नयाँसाथी बनाउनु हुन्छ, स्वास्थ्य रहनु हुन्छ र सामूहिक तथा व्यक्तिगत नियमहरू सिक्नु हुन्छ। खेलले व्यक्ति, समाज र देशको विकासमा ठूलो योगदान पुर्याउँछ।

सबैका लागि केहि न केहि खेल त अवश्य हुन्छन्।  हाम्रा अधिकांश युवाहरू फुटबल, भलिबल, बास्केटबल र टेनिस खेलहरूमा संलग्न रहेकाछन्।

खेलकुदमा हाम्रो समुदायका युवाहरूको सौहार्दपूर्ण व्यवहारको बारेमा मानिसहरूले टिप्पणी गर्ने गरेका छन्।  त्यसैले खेलकुद हाम्रो समुदायलाई गौरवान्वित बनाउने एउटा माध्यम पनि हो।

त्यसोभए, तपाई केकालागि पर्खि रहनु भएको छ?  आजै कुनै खेल टोलीमा सामेल हुनुहोस् !

**PART B**

***Text 4***

सबैलाई शुभ प्रभात। नेपाली भाषी अष्ट्रेलियाली भएर आफ्नो जीवनको विषयमा बोल्दा धेरै रमाइलो लाग्छ। मेरो नाम मनिता हो। म नेपालको पोखरामा जन्मिएकी हुँ। म ८ वर्षको हुँदा मेरो परिवारसँग अष्ट्रेलियाको एडिलेडमा आएकी हुँ।

सुरुका दिनमा हामीलाई अष्ट्रेलियामा बानी पर्न निक्कै धौ-धौ पर्यो। । जस्तै स्कूल जान, र नयाँ साथी बनाउन चुनौतीपूर्ण थियो। वास्तवमा, म पहिलो पटक आउँदा अङ्ग्रेजी बोल्न पनि जान्दिन थिएँ। आफैँ प्रति दया लागेर आउँछ।

अष्ट्रेलियामा हाम्रो जीवन सहज बनाउन केही नेपाली पसलहरू छन् , जहाँ हामी घरको सम्झना दिलाउने वस्तुहरू पाउछौँ । यहाँ दाल, चामल, मसला, तेल र घिउ किनमेल गर्न मानिसगरूको भिड लाग्ने गर्दछ। यी पसलहरू भने नेपाली भाषी समुदायका मानिसहरूलाई भेट्ने थलो बनेका छन्।

हिजो आज हामी अष्ट्रेलियामा बस्न परिचित भईसकेकाछौं। अब भने म हाम्रो सांस्कृतिक पहिचानलाई कसरी संरक्षण गर्ने भन्नेमा केन्द्रित भएकीछु ।

मलाई अष्ट्रेलियामा बस्न , आफ्नो भाषा र संस्कृतिको प्रयोग र अभ्यास गर्न पाउँदा गर्व लाग्छ। धन्यवाद! यदि तपाईसँग कुनै प्रश्न भए म जबाफ दिन खुसी छु।

***Text 5***

शुभ-दिन!

हाम्रो भ्रमणको अन्तिम चरणमा स्वागत छ। यो रमणिय स्थल आदिकवि भानुभक्तको जन्म थलो हो।।

एक दिन कवि आचार्यको घाँस काटेर जीवन यापन गर्ने घाँसीसँग भेट भयो । तत्पश्चात् उनले लेखेको कविता म तपाईहरूलाई सुनाउदैछु :-

भर् जन्म घाँस तिर मन् दिई धन् कमायो,

नाम् क्यै रहोस् पछि भनेर कुवा खनायो।

घाँसी दरिद्र घरको तर बुद्धि कस्तो,

मो भानुभक्त धनी भैकन आज यस्तो।

मेरा इनार न त सत्तल पाटी क्यै छन्,

जो चीज बीजहरू छन् घरभित्र नै छन्।

यो घाँसीले कसरी आज दिए छ अर्ती,

धिकार हो मकन बस्नु नराखी कीर्ति।

हामी भोली ९ बजे भेट्नेछौं , धन्यवाद।

***Text 6***

*Male Voice* (MV)

*Female Voice* (FV)

FV: नमस्कार , म तपाईलाई के सहयोग गर्न सक्छु ।

MV: मेरा केहि फारम भर्नुका साथै एउटा गुनासो छ । मैले नेपाली भाषीसँग एपोइन्टमेन्ट पाउन लगभग २ हप्ता नै कुर्नु पऱ्यो ।

FV: मलाई माफ गर्नुहोला, म यो कार्यालयमा पन्ध्रमा एक दिन मात्र काम गर्छु ।

MV: मलई खुशी लाग्यो तपाई यहाँ कार्यरत भएकोमा तर पन्द्रको एकदिन मात्रैले पुग्दैन रहेछ अनि हिजो आज अनुवाद सेवा पनि छैन ।

FV: हो, कहिले काहीं सेवामा गल्ती भएको पाइयो । साथै, म हाम्रा नेपाली भाषी ग्राहकहरूसँग आमनेसामने भेट्न सक्छु।

MV: तपाई यहाँ हुनाले धैरै मानिसहरूलाई सजिलो भएकोछ । तर म यस परिवर्तनको बारेमा धैरै चिन्तित छु ।

FV: ए हो र? यो त अचम्म भयो, हामीले सोचेका थियौँ कि यो परिवर्तन सकारात्मक हुनेछ।

MV: अं ..., यहाँ वरिपरि नेपाली भाषी समुदाय धैरै छन र मानिसहरूलाई नेपालीमा सही तरिकाले कागजी कार्य पूरा गर्न सहयोग चाहिन्छ । तपाईंले पक्कै पनि उक्त कार्य गर्न सजिलो बनाइदिनु हुन्छ । तर कुनै पनि अनुवादको सेवा नहुँदा र तपाईंसँग पनि सिमित समय भएकाले धैरै व्यक्तिहरूले लामो समय कुर्नु पर्नेछ ।

पहिले केही गल्तीहरू भएका भएतापनि कम्सेकम उनिहरूलाई चाँडै भेटेर गल्तिहरू सच्याउन सकिन्थ्यो र हामीले लामो कुर्नु पर्दैन थियो ।

FV: ओहो, अब मात्र मलाई थाहा भयो । म तपाइको यस विषयमा मेरो म्यानेजरसँग कुरा गर्नेछु ।

MV: धन्यवाद ।

FV: अब तपाईको फारम हेरौं ।

Student/Registration Number | | | | | | | | | | | Centre Number | | | | | | |

**2023** PUBLIC EXAMINATION

# Nepali

## Continuers Level

## Section 2: Reading and Responding (25 marks)

**Instructions to Students**

1. Allow approximately 1 hour and 10 minutes for Section 2.
2. Write all your answers to the questions in Section 2 in this booklet using black or blue pen. Space is provided for you to make notes.
3. You must answer ALL questions in Part A and Part B.
4. Answer Part A in ENGLISH and Part B in NEPALI.
5. Write your student/registration number and the centre number (if required) on the front cover of this booklet.
6. All question booklets will be collected at the end of the examination.

© SACE Board of South Australia 2023

**Part A** (Question 7)
(10 marks)

*Your response will be assessed on how well you:*

- *understand general and specific aspects of texts (for example, by comparing, contrasting, summarising, and/or evaluating) and convey the information appropriately.*

7. Read the text and then answer in ENGLISH the questions that follow.

सहयात्री साथीहरूमा नमस्ते, म फेरि आएको छु !

दशैंका लागि मेरो नेपाल भ्रमण गजबको थियो र म पहिलेदेखि नै आफ्नो परिवारसँग मातृभूमिमा दशैँ मनाउन उत्साहित थिएँ। दशैं नेपालीहरूको सबैभन्दा ठूलो चाड हो र आफ्नो परिवार र आफन्तसँग यो अनुभव गर्न म आतुर थिएँ।

मलाई थाहा छ, तपाईंहरू कतिलाई दशैंको बारेमा धेरै कुरा थाहा नहुन सक्छ, त्यसैले म आफ्ना अनुभवहरू बाँढ्न चाहन्छु।

दशैँको सबैभन्दा महत्वपूर्ण दिन हो टीका लगाउने दिन, जहाँ परिवारका ठूलाबडाबाट सानाको निधारमा टीका (चामल, दही र रातो रंगको मिश्रण) लगाउँछन्। परम्परागत नेपाली पहिरनमा सजिएका हजुरबुवाले मेरो निधारमा टीका लगाइदिनुभयो र आशिर्वाद पनि दिनुभयो। यो टिका, आशीष र सुरक्षाको प्रतीक हो। यो मैले सोचेको भन्दा धेरै भावनात्मक थियो किनकि मैले यो विशेष क्षण यति लामो समयसम्म उहाँहरूसँग बिताएको थिइन। मैले आफ्नो संस्कृतिसँग गर्व गर्न र नजिक भएको अनुभूति गरें।

दशैँको समयमा हुने अर्को कुरा दक्षिणा हो, जाहाँ परिवारका ठूलाबाडाले आफूभन्दा सानालाई आशीर्वाद र सौभाग्यको प्रतीकको रूपमा पैसा दिने चलन छ। एवं हजुरबुवा र हजुरआमाबाट दक्षिणा पाउँदा मलाई कृतज्ञताको अनुभूति भयो। मैले पैसा मात्र होइन, मेरो सम्पूर्ण परिवारको आशीर्वाद र चेतना पनि पाइरहेको महसुस गरें।

दशैँको अर्को रोचक पक्ष जमरा हो। घटस्थापनाका दिन जौको जमरा राखिन्छ। दशैँको दशौं दिन (विजय दशमी) मा जमरा काटेर सौभाग्यका लागि परिवारका सदस्यलाई दिने गरिन्छ। मेरो परिवार गाउँमा भएकोले धेरै प्रियजन र नातेदारहरू विभिन्न ठाउँबाट आशीर्वाद लिन आएका थिए। मेरा अग्रजहरूबाट धेरै आशीर्वाद पाउँदा आफैलाई भाग्यमानी ठाने।

नेपालमा दशैँ मनाउँदा एउटा गजबको अनुभव भएको थियो। हामीले अष्ट्रेलियामा घर भित्रै सीमित रहेर दशै मनाउने गरिन्छ। तर नेपालमा भने परिवारसँग मात्रै नभएर छर-छिमेक तथा गाउँले साथीभाईसँग उत्साहका साथ परम्परागत खेलहरू जस्तै लिङ्गे पिङ्ग र डण्डिबियो खेल्दै मनाउने गरिदोरहेछ।

मैले नेपालमा दशैँ मनाउन पाएकाले मेरो परिवारसँग बलियो सम्बन्ध बनाउन सकें। मलाई थाहा भयो कि म एक समृद्ध परिवारको संस्कृतिको हिस्सा रहेँछु जसले म को हुँ भनेर चिनाएको छ।

तपाइले कहिलै नेपालमा दशैं मनाउनु भएको छ ? अथवा भविष्यमा यसको अनुभव गर्न चाहनु हुन्छ ?

आफ्नो प्रतिक्रिया तल दिनु होला।

QUESTIONS

**Marks**

(a) Who might be interested in reading this text? Give one example. **1**

(b) Which cultural experience was the most significant for the author? Justify your decision with evidence from the text. **4**

(c) Explain how this experience impacted the author. **5**



PLEASE TURN OVER

**Part B** (Question 8)
(15 marks)

---

*Your response will be assessed on how well you:*

- *demonstrate an understanding of the stimulus text*
- *write text that is appropriate and relevant to context, purpose, and audience*
- *structure and sequence information and ideas*
- *manipulate language structures and vocabulary in Nepali.*

---

8. Read the text and then answer the question in approximately 150 words in NEPALI.

**Message**

| | |
|---|---|
| प्रापकः | subodh@emailme.com |
| प्रेसकः | monicamonamie@denpos.com |
| विषयः | डेनमार्कबाट नमस्ते ! |

१२ नोभेम्बर २०२३

प्रिय सुबोध !
आशा गर्दछु कि तपाई सकुशल नै हुनुहुन्छ । गत साताको जन्मदिनको शुभकामना । तपाईंले जन्मदिन कसरी मनाउनुभयो ? मेरी आमाले भन्नुभएको तपाई नेपाली कक्षामा प्रथम हुनु भयो अरे । तपाईलाई बधाई छ !
तपाईलाई पत्यार नलाग्न सक्छ, म पनि अर्को वर्ष अध्ययन पूरा गर्न डेन्मार्कबाट अष्ट्रेलिया आउँदैछु नि !
म उत्साहित छु तर केही भ्रमित पनि ... । मलाई थाहा छ, म मेरा आमा बाबासँग घरमा नेपाली बोल्न सक्छु तर मैले नेपाली भने कहिल्यै पढेको छैन, त्यसकारण म औपचारिक रूपमा भाषा सिक्न चाहन्छु । के तपाईसँग अष्ट्रेलियामा नयाँ साथीहरू कसरी बनाउने वा अष्ट्रेलियाली स्कूलमा के आशा गर्ने भन्ने बारेमा कुनै सुझावहरू छन् ?
तपाई कहाँ नेपाली पढ्नुहुन्छ ? के तपाई मलाई सिकाउनु हुन्छ ? मलाई आशा छ कि तपाईले मलाई सिकाउनुहुनेछ ।
म इमेलको प्रतिक्षा गर्नेछु ।

उही तपाईको हितैषी मित्र
मोनिका

QUESTION

You have received this email from your friend in Denmark. Write a reply that addresses her questions and offers advice.

तपाईले डेनमार्कको साथीबाट यो इमेल प्राप्त गर्नु भएको छ । उक्त इमेलको जवाफ लेख्नुहोस् जसले उनको प्रश्नहरूलाई सम्बोधन गर्दछ र सल्लाह प्रदान गर्दछ ।

*You may remove this page from the booklet by tearing along the perforations so that you will have the information in front of you for easy reference.*

You may make notes on this page. These notes will NOT be assessed.

This page is intentionally blank

Question 8

**End of Section 2**

| Student/Registration Number | | | | | | | | | | | | Centre Number | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

**2023 PUBLIC EXAMINATION**

# Nepali

## Continuers Level

## Section 3: Writing in Nepali (20 marks)

**Instructions to Students**

1. Allow approximately 40 minutes for Section 3.
2. Write your answer to a question from Section 3 in this booklet using black or blue pen. Space is provided for you to make notes.
3. You must answer ONE question in NEPALI.
4. Write your student/registration number and the centre number (if required) on the front cover of this booklet.
5. All question booklets will be collected at the end of the examination.

*© SACE Board of South Australia 2023*

**Section 3** (Questions 9 to 11)
(20 marks)

---

*Your response will be assessed on how well you:*

- *demonstrate depth of treatment of information, ideas, and/or opinions*
- *write text that is appropriate and relevant to context, purpose, and audience*
- *structure and sequence information and ideas*
- *manipulate language structures and vocabulary in Nepali.*

---

Answer ONE question from this section in approximately 250 words in NEPALI.

9. You have just visited two cultural places in Nepal and had an unexpected experience at each one. Write a personal diary entry comparing the different experiences you have had during your visits.

   तपाईले भर्खरै नेपालका दुई सांस्कृतिक स्थलको भ्रमण गर्नुभएको छ र प्रत्येकमा अनपेक्षित अनुभव गरिएको छ। भ्रमणका क्रममा तपाईले भोगेका विभिन्न अनुभवहरूको तुलना गर्दै एउटा व्यक्तिगत डायरी एन्ट्रि लेख्नुहोस्।

10. Write an article for your school newspaper on the importance of volunteering and community service.

    स्वयंसेवा र सामुदायिक सेवाको महत्त्व बारेमा आफ्नो विद्यालयको समचारपत्रका लागि एउटा लेख लेख्नुहोस्।

11. Your teacher has asked you to interview your grandparents to gather information about their life stories. Write the transcript of your interview, which will be published on the school website.

    तपाईको शिक्षकले तपाईका हजुरबुबा र हजुरआमाका जीवन कथाहरूको बारेमा जानकारी सङ्कलन गर्नु भन्नु भएको छ। तपाईको अन्तर्वार्ताको प्रतिलिपि लेख्नुहोस् जुन चाही विद्यालयको वेबसाइटमा प्रकाशित हुनेछ।

*You may remove this page from the booklet by tearing along the perforations so that you will have the information in front of you for easy reference.*

You may make notes on this page. These notes will NOT be assessed.

This page is intentionally blank

Question Number:



PLEASE TURN OVER

**End of Section 3**